नगरकार्यपालिकाको ४१ औं बैठक, मिति २०७६ भाद्र ५, ९ र २० गते, समय ११:३० बजे, स्थान कार्यालयको सभाकक्ष।

छलफलका विषयहरु

१ रिपोर्टिङ्ग तथा प्रगति सम्बन्धमा ।

२ आ व २०७५।०७६ को आर्थिक विवरण

३ गत बर्षको प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई

४ चालु बर्षको योजना कार्यान्वयन कार्ययोजना

५ सार्वजनिक खरिद नियमावली

६ फोहोरमैला व्यवस्थापन

७ सटरकवल तथा ठेक्का लाग्न बांकी हाटबजार

८ खुला दिशामुक्त क्षेत्र घोषणा

९ विषयगत समितिहरु

१० विविध:

क) बजार अनुगमन

ख) बिपत्त व्यवस्थापन योजना संशोधन

ग) एम्बुलेन्स खरिद सहयोग मांग

घ). बालुवाढुङ्गा ठेक्का र झोलुङ्गेपुलको आईईई

ङ) न्यून तहका कर्मचारीहरुको संख्या

च) टोल विकास संस्था सञ्चालन कार्यविधि २०७६

छ) किशोरी शिक्षा कार्यक्रम (वडाहरु)

ज) चुल्हो वितरण (वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम)

झ) ट्रेक्टर नामसारी

ञ) डेंगी प्रकोप

ट) कानूनी सल्लाहकार

ठ) अपाङ्गता परिचयपत्र

ड) गत वर्षको सड्क बोर्ड योजना भुक्तानी



Scanned by CamScanner

प्रस्तुत विषयहरु उपर २०७६ भाद्र ५, ९ र २० गते बसेको नगरकार्यपालिकाको ४१ औं बैठकले गरेका निर्णयहरु यसप्रकार रहेका छन् ।

**निर्णयहरु**

१. नगर प्रमुख श्री कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईंबाट कार्यालय तथा वडाहरुमा भएका दैनिक/प्रशासनिक जिम्मेवारीका सन्दर्भमा भएगरेका कामहरुको बारेमा बैठकमा जानकारी गराइयो ।

२. आ. व. २०७५।०७६ को आर्थिक विवरण बैठक समक्ष प्रस्तुत भयो । सोको विस्तृत विवरण आगामी बैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

३. गत आ. व २०७५।०७६ मा भएका कामहरुको सम्वन्धमा योजना समिक्षा गोष्ठी गर्ने निर्णय गरियो ।

४ चालु आ. व. २०७६।०७७ को वार्षिक योजना कार्यान्वयनको कार्ययोजना बैठकसमक्ष प्रस्तुत भयो। योजनाहरुको कार्यान्वयनका लागि वडा एवम् शाखा कार्यालयलाई मार्गनिर्देशन दिने निर्णय गरियो।

५. नेपाल सरकारबाट प्राप्त सार्वजनिक खरिद नियमावली (नमुना) को प्रावधानका बारेमा छलफल गरियो। उक्त नियमावली संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

६. फोहोरमैला व्यवस्थापनमा रहेका समस्याहरुको ठेक्का बन्दोवस्तका माध्यमबाट समुचित समाधानका लागि बोलपत्र आह्वान गर्ने निर्णय गरियो। अर्को व्यवस्था नभएसम्मका लागि साबिक ठेकेदारबाट भइरहेको फोहोरमैला व्यवस्थापनको कार्यलाई नै साबिक शर्त बमोजिम कार्य निरन्तर गराउने र दुधोरावस्तीका बासिन्दाहरुको मागलाई यथासम्भव सम्वोधन गर्दै स्वास्थ्यशिविर कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

७. नगरकार्यपालिकाको मिति २०७५/९/२३ को निर्णय बमोजिम खुला प्रतिस्पर्धाका माध्यमबाट सटरकवल भाडामा लगाउनुपर्नेमा सटरकवलको भाडा दर बढी भयो भनी सरोकारवालाहरुबाट विरोध भइरहेको हुँदा सहमति कायम भए पश्चात मात्र खुला प्रतिस्पर्धाका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो। डुमरवाना, फत्तेपुर, इनर्वासिरा लगायत क्षेत्रहरुमा हाट बजारको ठेक्का लाग्न नसकेको अवस्थालाई मध्यनजर गर्दै पुनः टेण्डर प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

८. खुला दिशामुक्त क्षेत्र घोषणाका सन्दर्भमा राष्ट्रिय लक्ष्य र समयसीमालाई मध्यनजर गर्दै बांकी रहेका वडाहरु ११, १२ र २० मा प्रभावकारी उपायहरु अवलम्वन गर्ने निर्णय गरियो।

९. विषयगत समितिहरुको पुनर्गठन सम्वन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो।

१०. विविध

क) जीतपुर र सिमरा लगायत बजार क्षेत्रको अनुगमनलाई प्रभावकारी बनाउनका गुणस्तरीयता र मूल्य नियन्त्रणका लागि उद्योग बाणिज्य संघलगायतसंगको सहकार्यमा अनुगमन गर्नुका साथै मूल्यसूचि अनिवार्य गर्न लगाउने निर्णय गरियो।

ख) पथलैयामा एम्बुलेन्स खरिदका लागि सहयोग मांग भएको अवस्थालाई मध्यनजर गर्दै सोका लागि पांच लाख रुपैया सहयोग गर्ने निर्णय गरियो।

ग) बाढी र डुवानबाट उत्पन्न विपत्त व्यवस्थापनको कामलाई प्रभावकारी बनाउनका लागि सम्वन्धित वडास्तरिय योजनामा नै समावेश गर्ने निर्णय गरियो।



Scanned by CamScanner

घ) दुधौरा, बालगंगा र पसाहा नदीमा लाग्ने दहत्तरबहत्तर उत्खन्न एवं संकलन गर्न **IEE** तथा ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरियो।

ङ) नगर कार्यपालिकाको कार्यालय र वडाहरुमा रहने न्यून तहका कर्मचारीहरुको संख्या यकिन गरी पदस्थापन गर्ने निर्णय गरियो ।

च) टोल विकास संस्था सञ्चालन कार्यविधिका सम्बन्धमा आगामी बैठकमा छलफल गरी पूर्णता दिने निर्णय गरियो।

छ) युनिसेफको सहयोगमा सञ्चालन हुने किशोरी शिक्षा कार्यक्रम अन्तरगत दश वटा कक्षा सञ्चालन हुने स्थानहरु तय गर्ने जिम्मेवारी शिक्षा समितिलाई दिने निर्णय गरियो।

ज) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट प्राप्त रकमबाट खरिद भएका चुल्हो २४ वटै वडा कार्यालय मार्फत समानुपातिक रुपमा वितरण गर्ने निर्णय गरियो ।

झ) नगर कार्यपालिकाको मिति २०७५/१२/२४ को निर्णयानुसार खरिद भएको ट्रेक्टर यस उपमहानगरपालिका वडा नं ११ सिसहनिया स्थित श्री सिपमुलक कृषी सहकारी संस्था लि.लाई यातायात व्यवस्था कार्यालयबाट नियमानुसार नामसारी गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

ञ) साबिक देखि कार्यालयलाई कानुनी परामर्श दिंदै आउनुभएका अधिवक्ता श्री दामोदर पौडेलसंग चालु आ.व.२०७६/०७७ मा पनि कानुनी परामर्श सेवा लिने निर्णय गरियो।

ट) देशव्यापीसंगै जीतपुरसिमराको विभिन्न स्थानहरुमा पनि डेंगुको संक्रमण देखिएकोले यसका लागि पूर्वसचेतना अभियान सञ्चालन गर्ने निर्धारण गरियो । साथै औषधी स्प्रेको सम्भाव्यता हेरी सम्भव भएसम्म व्यवस्था मिलाउने निर्णय गरियो ।

ठ) अपाङ्गता परिचयपत्र वितरणका सन्दर्भमा धेरै गुनासो आएको अवस्थालाई मध्यनजर गर्दै सहज र प्रभावकारी बनाउने निर्णय गरियो ।

ड) गत वर्ष सडक बोर्डको ७०% लागत सहभागितामा निर्माण भएका दुई वटा योजनाहरु (वडा १४ र वडा ८, ९ र १०) को रकममा उपमहानगरपालिकाका तर्फबाट भुक्तानी हुनुपर्ने २० प्रतिशत रकम चालु वर्षको समपुरक कोष शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।



Scanned by CamScanner